# प्रभाव दैनिक
National Daily



- बालबालिकाको संरक्षण र विकासमा ध्यान दिऔं ।
- बालबालिकामाथि हुने हिंसाको उजुरी प्रहरीमा गरौं ।
- बालबालिका बेचविखन र तस्करी नियन्त्रण गरौं ।
- बालबालिकालाई पारिवारिक वातावरणमा हुर्कने अवसर दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष ९ | अंक ३४७ | काठमाडौं | सोमबार, ०४ वैशाख २०८० | Prabhab National Daily | Monday, 17 April 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## बढ्दो वायु प्रदूषणबाट जोगिन विज्ञको सुझाव

■ प्रभाव संवाददाता

**काठमाडौं–** पछिल्लो दिन काठमाडौं उपत्यकामा वायु प्रदूषण बढ्दो छ । काठमाडौंको रामशाहपथस्थित स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा केही दिनअघि राखिएको फोक्सोमा कालो मात्रा थुप्रिएकोले पनि प्रस्टिन्छ- प्रदूषणको स्थिति ।

वातावरण विभागले डढेलोका कारण काठमाडौं उपत्यकासहित देशभर वायु प्रदूषण बढ्दै गएको र केही दिनयता नेपालको वायु अस्वस्थकर बन्दै गएको जनाएको छ । हावाको गुणस्तर मापक सूचक (एक्युआई) का अनुसार आइतबार साँझसम्म काठमाडौं विश्वकै प्रदूषित सहरको सूचीमा दोस्रो स्थानमा रहेको छ ।

एक्युआई ५० भन्दा धेरै भएमा कमजोर स्वास्थ्य भएका समूह जोखिममा पर्छन् भने १०० भन्दा माथि भएमा सबैका लागि अस्वस्थ हुन्छ । काठमाडौंको एक्युआई अहिले १९२ सम्म पुगेको छ । सूचीको पहिलो स्थानमा इरानको तेहरान सहर रहेको जनाइएको छ । तेहरानको एक्युआई २९० पुग्दा तेस्रो स्थानमा बंगलादेशको ढाका चौथोमा थाइल्यान्डको च्याङमइ सहर रहेको छ । आइतबार बिहानमात्र च्याङमइ सहर पहिलो नम्बरमा रहेको थियो ।

५१ देखि १०० सम्म एक्युआई मापन गरिएको वायु सामान्य अवस्थाको मानिने गरिन्छ । त्यसभन्दा माथिको एक्युआई अस्वस्थकर हुन्छ । एक्युआई ३०० भन्दा माथि पुगेमा वायु प्रदूषण डरलाग्दो र घातक हुने बताइएको छ । विज्ञहरूले वायु प्रदूषणबाट जोगिन सकेसम्म घरबाट ननिस्कन र निस्कनै परे मास्क लगाउन आग्रह गरेका छन् ।

### आँखा जोगाउने कसरी ?

वायु प्रदूषण बढेसँगै आँखा पोल्ने समस्या देखिन थालेको छ । सर्वसाधारणले आँखा पोल्ने, पिरो हुनेजस्ता समस्या आउन थालेका बताएका छन् । प्रदूषणले आँखा पोल्दा आँखा ढाक्ने खालका चश्मा प्रयोग गर्न सकिने चिकित्सकको सुझाव छ । त्यसैगरी आँखा पोल्दा मिच्ने, जोडले धुने गर्न नहुने तिलगंगा आँखा प्रतिष्ठानका वरिष्ठ आँखा विशेषज्ञ डा. बेन लिम्बूको सुझाव छ । 'आँखा पोल्दा हातले मिच्ने गर्नुहुँदैन । पानीले जोडले छयाप्ने काम पनि गर्नुहुन्न । यसले दीर्घकालका लागि समस्या निम्तिन सक्छ,' उनले भने । यसै सन्दर्भमा वरिष्ठ आँखा विशेषज्ञ डा. लिम्बूसँग *प्रभाव*ले गरेको संक्षिप्त कुराकानी:


**डा. बेन लिम्बू**
**वरिष्ठ आँखा विशेषज्ञ**

**पछिल्ला दिनहरूमा आँखा पोल्ने, पिरो हुने समस्या बढेका छन्, कारण के होला ?**

प्रदूषणको कारण पनि आँखा पिरो हुने गर्छ । अर्को कुरा जीवनशैली पनि हो । डिभाइसहरू धेरै समय चलाउँदा आँखा ड्राइ हुने गर्छ । र, आँखा पिरो हुने गर्छ ।

**अहिले काठमाडौं विश्वकै पहिलो प्रदूषित सहर बनेको छ, यसले आँखामा के असर गर्छ ?**

आँखा सुक्खा हुने, धेरै पोलेमा इन्फेक्सन हुनसक्छ । आँखाको नानीमा घाउ हुनसक्छ र आँखा पाक्ने समस्याहरू पनि देखिन सक्छ ।

**विज्ञले प्रदूषणबाट जोगिन मास्क लगाउन सुझाएका छन्, आँखा कसरी जोगाउने ?**

आँखा पूरै छोपिने खालका चश्माहरू बजारमा पाइन्छन् । बाइक, स्कुटर प्रयोग गर्दा भाइजर प्रयोग (**बाँकी पृष्ठ २ मा**)

# गठबन्धनभित्रै 'उपगठबन्धन'को कसरत

■ जेबी योञ्जन





- माओवादी केन्द्र, जसपा र नेकपा एस मोर्चाबन्दीको कसरतमा
- तर, छैन मोर्चाको संरचनागत मोडालिटी
- राजनीतिक, सैद्धान्तिकजस्ता विषयमा सहमति जुट्नै बाँकी
- एकअर्का दलको दस्तावेज अध्ययनमा कार्यदल
- थप शक्ति आर्जन गर्ने प्रधानमन्त्री दाहालको रणनीति भएको अड्कल

**काठमाडौं–** हरेक निर्वाचनबाट शक्ति क्षिण हुँदै जाँदा सरकारमा रहेका तीन दलबीच मोर्चाबन्दीको अन्तिम तयारी भइरहेको छ । मोर्चाबन्दीमा नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा) र नेकपा एकीकृत समाजवादी समेटिन लागेका छन् ।

नेताहरूका अनुसार यही वैशाखभित्र मोर्चाबन्दी हुने सम्भावना छ । तीन दल रहेको मोर्चाबन्दी यदि सफल भए एकता प्रक्रियामा अघि बढ्न सकिनेबारे पनि यी दलहरूले यसअघि गठन गरेको कार्यदलमा छलफल हुँदै आएको छ । सरकारको नेतृत्व गरेको दलसमेत रहेको माओवादीका सचिव गणेश साहले समाजवादी धारका दलहरूबीच सम्भव भए एकता, नभए मोर्चाबन्दी गरेर अघि बढ्नु आवश्यक भएको बताएका छन् । पार्टीको कार्यनीति र कार्यक्रम समान भएका कारण पनि एकता गरेर अन्ततः बृहत्तर समाजवादी शक्तिहरूबीच एकताको आधार निर्माण गर्न लागिएको बताए ।

'जसपा र नेकपा एस समाजवादी दलहरू हुन् । माओवादी त यी दलहरूभन्दा पहिलेदेखि समाजवादी यात्रामा छ । समान विचार, कार्यनीति र राजनीतिक गन्तव्य मिलेपछि किन पार्टीलाई नमिलाउने ?,' उनले प्रभावसँग भने, 'हामी मिल्दा त सबै समाजवादी धाराका दलहरू एक ठाउँ आउने वातावरण पनि बन्छ ।'

मोर्चाको नाम 'समाजवादी मोर्चा' हुने भनिएको छ । तर, टुंगो लागेको छैन । मोर्चाको संरचनागत 'मोडालिटी' पनि कस्तो हुने ? बहसकै क्रममा छ । राजनीतिक, आर्थिकजस्ता मुद्दामा समान दृष्टिकोण बनेको छैन । माओवादीको नेतृत्वमा भएको १० वर्षे सशस्त्र युद्धलाई हेर्ने दृष्टिकोणमा समानता छैन । यी कारणहरूसँगै र सभामुख/उपसभामुख, राष्ट्रपति/उपराष्ट्रपति, राष्ट्रियसभा उपाध्यक्ष र यही १० वैशाखमा हुने उपनिर्वाचनले तीन दलका वार्ता समितिहरू निरन्तर छलफल गर्न नपाएको साहले बताए ।

माओवादीले पार्टी उपाध्यक्ष कृष्णबहादुर महरा संयोजक रहेको वार्ता समिति गठन गरेको छ । जसपाले सहअध्यक्ष राजेन्द्र श्रेष्ठ र नेकपा एसले महासचिव डा. बेदुराम भुसाल संयोजक रहेको वार्ता समिति गठन गरेका छन् । जसपा प्रवक्ता मनिष सुमनको भनाइमा वार्ता समितिहरूले एकअर्का दलको घोषणापत्रदेखि अन्य राजनीतिक, आर्थिकलगायतका कार्यक्रम उल्लेखित दस्तावेज अध्ययन गरिरहेका छन् । यसपछि तात्कालिकरूपमा मोर्चाबन्दी गर्न सकिने आधारहरूबारे छलफल हुनेछ ।

तर, निर्णायक छलफल हुन नसकेको सुमन बताउँछन् । 'समाजवादी दलहरू छिन्नभिन्न भएर भएन । एकताबद्ध हुनुपर्‍यो । यो जनताको पनि चाहना हो,' सुमन भन्छन्, 'तर, मोर्चाबन्दीको प्रक्रिया अपेक्षितरूपमा अघि बढेको छैन ।'

प्रतिनिधिसभामा प्रधानमन्त्रीसमेत रहेका पुष्पकमल दाहाल नेतृत्वको माओवादीको ३२ सिट छ । अघिल्लो संसद्मा ५३ सिटको दल माओवादी थियो । यसपटक २१ सिटले माओवादी खुम्चिएको हो । जसपा पनि १८ सिटपछि खुम्चिँदै १२ सिटमा आइपुगेको छ । नेकपा एस भने पहिलोपटक चुनावी प्रतिस्पर्धाबाट १० (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

### श्रममन्त्री भण्डारीको आग्रह

## नयाँ श्रम गन्तव्य खोजी गरौं

■ प्रभाव संवाददाता




**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले वैदेशिक रोजगार व्यवसायीलाई नयाँ श्रम गन्तव्यको खोजी गर्न आग्रह गरेका छन् । आइतबारदेखि काठमाडौंमा सुरु भएको व्यवसायीहरूको क्षमता अभिवृद्धिसम्बन्धी दुईदिने अन्तरक्रिया कार्यक्रमको उद्घाटनका क्रममा मन्त्री भण्डारीले उक्त आग्रह गरेका हुन् ।

नयाँ गन्तव्य मुलुकको खोजी गर्नु अपरिहार्य भइसकेको उल्लेख गर्दै उनले यसका लागि व्यवसायीहरू सक्रियतापूर्वक लाग्नुपर्ने र सहजीकरणका लागि सरकारले आवश्यक भूमिका निर्वाह गर्ने बताए । मन्त्री भण्डारीले नेपाली श्रमिकको दक्षताको 'ब्राण्डिङ' गर्नुपर्ने बेला आइसकेका कारण अन्तर्राष्ट्रिय श्रम बजारमा व्यवसायीहरूले उपस्थिति जनाउन पनि आफ्नो क्षमता अभिवृद्धि गर्नुपर्ने बताए । व्यवसायीलाई व्यवसाय गर्न दिने सरकारको नीति रहेको उल्लेख गर्दै मन्त्री भण्डारीले भने, 'सरकारले वैदेशिक रोजगारको क्षेत्रमा व्यवसाय गर्दैन, व्यवसाय तपाईंहरू (म्यानपावर)ले नै गर्ने हो, यसको सहजीकरण र नियामक निकायको रूपमा मन्त्रालयले काम गर्छ ।'

'लाभका लागि व्यवसाय सञ्चालन गरेपछि निःशुल्क सेवा दिने कुरा हुँदैन तर मर्यादित तवरले उपयुक्त सेवा शुःल्क लिन पाइन्छ,' उनले थपे, 'यसका लागि वैदेशिक रोजगारको क्षेत्रलाई व्यवस्थित मर्यादित र पारदर्शी बनाउने सरकारको कदमलाई व्यवसायीले पनि सघाउनुपर्छ ।' वैदेशिक रोजगार क्षेत्र व्यवसायीले भन्दा पनि एजेन्टका कारण बदनाम भइरहेको उनको भनाइ छ । श्रमिक र व्यवसायीको हितमा एकद्वार प्रणालीमार्फत काम गर्न ७५३ वटै स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रलाई सक्रिय बनाइएको उनले उल्लेख गरे ।

त्यस्तै श्रमसचिव एकनारायण अर्यालले विगत एक वर्षयता वैदेशिक रोजगार व्यवसायलाई मर्यादित, व्यवस्थित र पारदर्शी बनाउन अनलाइन प्रविधिको विकास गरिएको बताए । उनले वैदेशिक रोजगार चक्रलाई पूर्ण अनलाइन प्रणालीमा लैजाने प्रयास भइरहेको जानकारी दिए । हाल २२ प्रतिशत कूल गार्हस्थ उत्पादनमा सहयोग गरेको वैदेशिक रोजगारको क्षेत्रलाई मर्यादित र सम्मानित बनाउनु सबैको दायित्व रहेको भन्दै सचिव अर्यालले यसबारे सधैं नकारात्मक टिप्पणी भइरहनु राम्रो नभएको बताए । गन्तव्य मुलुकमा १०० जना पठाउनै पर्ने व्यवस्था अन्तर्राष्ट्रिय श्रम संगठनको नीतिविपरीत देखिएकाले केही ऐन संशोधन गर्नेतर्फ छलफल भइरहेको उनले बताए । सार्क राष्ट्रमै वैदेशिक रोजगारसम्बन्धी नेपालको व्यवस्था र प्रणाली अब्बल रहेको सन्देश दिन सबैले मर्यादित भएर काम गर्नुपर्नेमा उनले जोड दिए ।

यस्तै वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले सरकार व्यवसायीहरूको पूरक अंग भएकाले यो क्षेत्रलाई व्यवस्थित बनाउन सहयोगी भूमिका खेल्नुपर्ने बताए ।

उनले शून्य लागतमा श्रमिक पठाउने व्यवसायीहरूको प्रवर्द्धन आवश्यक रहेको भन्दै यसका लागि आवश्यक समन्वय एवं सहकार्य गर्न पनि व्यवसायीहरूलाई आग्रह गरे । यसैगरी शैक्षिक परामर्श केन्द्र (एजुकेसन कन्सल्टेन्सी)हरूलाई लक्षित गर्दै वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले बागबजार क्षेत्रबाट वैदेशिक रोजगारीका नाममा श्रमिक ठगी गर्ने गैरव्यवसायजन्य कार्य बढिरहेको हुँदा मन्त्रालयले त्यसको कडा अनुगमन गर्नुपर्ने बताए ।

रोजगारीका लागि नेपाली श्रमिकहरूलाई विदेश पठाउँदै आएका म्यानपावर व्यवसायीहरूलाई सरकारले क्षमता अभिवृद्धि गर्ने उद्देश्यले दुई दिने कार्यक्रम सुरु गरेको बोर्डले जनाएको छ । गोष्ठीमा वैदेशिक रोजगारका सवालहरू, व्यावसायिक नैतिकता र इमानदारिता एवं बोर्ड सचिवालयको परिचयात्मक जानकारीका विषयमा प्रस्तुति र अन्तरक्रिया हुने बताइएको छ ।

### नमोबुद्धमा श्रम स्वीकृति नगरपालिकाबाटै

**काठमाडौं (प्रस)–** काभ्रेको नमोबुद्ध नगरपालिकाले व्यक्तिगत श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृति आवेदन लिन थालेको छ । पालिकाले आइतबारदेखि रोजगार सेवा केन्द्रबाट वैदेशिक रोजगारीमा जान चाहने स्थानीय नागरिकको व्यक्तिगत श्रम स्वीकृतिका लागि आवेदन लिन थालेको हो ।

व्यक्तिगत श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृति आवेदन लिन आइतबारदेखि सुरु भएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवप्रसाद लम्सालले बताए । उनका अनुसार सेवाग्राहीलाई आफ्नो नजिकैको स्थानबाट सरल र सहज सेवा प्रवाह गर्ने सरकारी व्यवस्थाअनुसार स्थानीय तहबाटै आवेदन लिन सुरु गरिएको हो । जिल्लामा रहेका १३ स्थानीय तहमध्ये श्रम स्वीकृतिका लागि आवेदन लिने नमोबुद्ध पहिलो पालिका भएको छ । नगरले वैदेशिक रोजगारमा जान चाहने आफ्ना नागरिकलाई व्यक्तिगत श्रम स्वीकृतिका लागि आवेदन दिन सार्वजनिक अपिलसमेत गरेको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयकोसमेत जिम्मेवारी सम्हालेका प्रधानमन्त्री पुष्पकमल दाहालले गत चैत १६ गते वैदेशिक रोजगारमा जान चाहने नागरिकले सम्बन्धित स्थानीय तहबाटै श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृतिका लागि आवेदन दिन पाउने व्यवस्था गर्ने निर्णय गरेको थियो । सरकारले स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रलाई वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा जोडेर विदेश जान अनलाइन आवेदन भर्न नसक्नेलाई निःशुल्करूपमा आवेदन भरिदिने व्यवस्थासमेत गरेको छ ।




# ८०४ भित्तेपात्रोलाई स्वीकृति

**काठमाडौं-** नेपाल पञ्चांग निर्णायक विकास समितिले वि.सं. २०८० का लागि ८०४ भित्तेपात्रो (क्यालेण्डर)लाई स्वीकृति दिएको छ । भित्तेपात्रो प्रकाशन गर्नेले समितिको स्वीकृति लिनुपर्ने गरी सरकारले २०७७ पुस २० गते गठन आदेश जारी गरेको थियो ।

गठन आदेशबमोजिम २०८० का लागि हालसम्म ८०४ वटा भित्तेपात्रोले स्वीकृति पाएको र अहिले पनि केही भित्तेपात्रो प्रकाशन गर्ने संस्था स्वीकृति लिने क्रममा रहेको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुंगेलले जानकारी दिए ।

सरकारले जारी गरेको समितिको गठन आदेश २०७८ असार महिनामा नेपाल राजपत्रमा प्रकाशन भएको र सो बमोजिम २०७९ देखि समितिसँग स्वीकृति लिएर भित्तेपात्रो प्रकाशन हुन थालेको हो । गत वर्ष करिब एक हजार भित्तेपात्रो स्वीकृति लिएर प्रकाशन गरिएको थियो ।

समितिको स्वीकृति नलिई प्रकाशन हुने भित्तेपात्रोलाई कारबाही प्रक्रिया पनि अघि बढाइएको जानकारी उनले दिए । स्वीकृति नलिई प्रकाशन हुने भित्तेपात्रोको अनुगमनका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका संस्कृति महाशाखा प्रमुखको संयोजकत्वमा गृह मन्त्रालयसहित सरोकार भएका निकायका प्रतिनिधि सदस्य रहेको अनुगमन समिति गठन गरिएको छ ।

उक्त समितिअन्तर्गत पञ्चांगकार मुरारीराज पाण्डेको संयोजकत्वमा उपसमिति पनि गठन गरिएको र सो समितिमा संस्कृति र गृह मन्त्रालयका शाखा अधिकृत पनि सदस्य रहेका छन् । समिति र उपसमितिले अनुगमन गरी स्वीकृति नलिई प्रकाशन हुने भित्तेपात्रोलाई कारबाही गर्न लागेको हो । समितिले आइतबारैदेखि अनुगमन सुरु गरेको जनाइएको छ ।

स्वीकृति नलिई प्रकाशन हुने भित्तेपात्रोमा तिथि, मिति, चाड पर्वलगायतमा दोहोरोपन आउन थालेकाले सरकारले यस्तो व्यवस्था गरेको हो । समितिले अनलाइनबाटै भित्तेपात्रो प्रकाशनका लागि फाराम भरेर स्वीकृति लिनसक्ने व्यवस्था पनि गरेको छ । *रासस*

# देश दर्शन कार्यक्रममा सहभागी लामागुरूहरूको बिदाइ



**काठमाडौं (प्रस)-** बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिले देश दर्शन कार्यक्रममा सहभागी भई भ्रमण सम्पन्न गरेका लामागुरु तथा आनीहरूलाई बिदाइ गरेको छ। गत २३ चैतबाट एक हप्ता सञ्चालन गरिएको देश दर्शन कार्यक्रममा सहभागी उनीहरूलाई राष्ट्रपति रामचन्द्र पौडेलबाट कदरपत्र वितरण गरी बिदाइ गरिएको हो ।

समितिका कार्यकारी निर्देशक होम दोङका अनुसार देश दर्शनमा सहभागीहरूलाई यसपटक हिमालपारिको देश भनेर चिनिने मुस्ताङ जिल्लाका विभिन्न स्थानमा भ्रमण गराइएको थियो । भ्रमण टोलीमा ११ जिल्लाबाट १७ जना लामा गुरु र तीन जना आनीलगायत २२ जना सहभागी थिए ।

समितिकी योजना अधिकृत सञ्जु योङचाले देश दर्शनमा सहभागीहरूलाई मुस्ताङको ऐतिहासिक, धार्मिक गुम्बाहरूको अवलोकन गराइएको बताइन् । मुक्तिनाथ, ठिनी यङ्टुक गुम्बा, चुङ्सी केभ (गुफा)मा रहेको चुङ्सी गुम्बा, लोमान्थङ दरबार र त्यहाँका गुम्बाहरू, नेपाल र तिब्बतको सिमाना कोरला नाकासम्म टोली पुगेको उनले जानकारी दिइन् ।

समितिले प्रत्येक वर्ष लामागुरु र आनीहरूलाई देश दर्शनमा लैजाने गरेको कार्यकारी निर्देशक दोङले बताए । ऐतिहासिक बौद्ध सम्पदा क्षेत्र र तीर्थस्थलहरूको बारेमा जानकारी गराउँदै बौद्ध दर्शन प्रवर्द्धन गर्न यस्तो कार्यक्रमले महत्त्वपूर्ण भूमिका खेल्दै आएको उनको भनाइ छ ।

## गठबन्धनभित्रै...

पृष्ठ १ बाट जारी

सिटसहित प्रतिनिधिसभाको सातौं दलीय हैसियतमा छ ।

यसरी तीनवटै दल कमजोर अवस्थामा रहँदा समाजवादी मोर्चाको नामबाट शक्ति आर्जन गर्न यी दलहरू अघि बढ्न लागेको देखिएको हो । र, मोर्चा भएको अवस्थामा यी तीन दलको सिट प्रतिनिधिसभामा ५४ सिट हुनेछ । प्रतिनिधिसभामा कांग्रेसका ८८ र एमालेका ७९ सिट छन् ।

तेस्रो शक्तिशाली दलको हैसियत आर्जन हुनेबित्तिकै कांग्रेससँग मात्रै गठबन्धन गर्दा पनि सरकार गठन हुने अवस्था हुन्छ । एमालेसँग गठबन्धन गर्दा भने पाँच सांसद पुग्दैन । कुनै साना दललाई समावेश गर्नेबित्तिकै सरकार बन्ने अवस्था हुन्छ । यही हिसाबले समाजवादी मोर्चाको औचित्य पुष्टि हुने सुमनले बताए ।

'संसद्मा १० दलको सरकार छ । यस्तो पनि हुन्छ ? हुँदैन,' उनले भने, 'कम दलहरू मिलेर सरकार बनाउन पनि मोर्चाको आवश्यकता देखियो ।'

१० पुसमा सरकार गठन हुनुभन्दा पहिले पनि मोर्चाको कसरत भएको थियो । डा. बाबुराम भट्टराई यसका अवधारणाकर्ता हुन् । उनले गत माघमा प्रभावसँग भनेका पनि थिए, 'छलफल मैले सुरु गरें । तर, छलफलमा दाहालजी, माधवजी, उपेन्द्रजी हामी सबै छौं ।'

उनका अनुसार मोर्चा समाजवादी दलहरूबीचको ध्रुवीकरणको आधारबिन्दु हो । यसमा अहिले भने एमाले अट्दैन । किनभने माओवादी, जसपा र नेकपा एसको दृष्टिमा एमाले प्रतिगामी दल हो । असंवैधानिकरूपमा यसअघि दुईपटक संसद् विघटन गरेपछि यी दलहरूले एमालेलाई प्रतिगामी कित्तामा राखेका हुन् । त्यही भएर समाजवादी दल एमाले हुँदाहुँदै पनि समाजवादी मोर्चामा समावेश नगरिने यी दलहरूको तयारी हो ।

समाजवादी मोर्चामा प्रभु साह नेतृत्वको आमजनता पार्टी (आजसपा)लाई भने समेट्ने पक्षमा तीन दल छन् । यो दलसँग प्रतिनिधिसभामा एक सिट छ । तर, मोर्चा निर्माण गर्न लाग्नुलाई कतिपयले प्रधानमन्त्री दाहालको थप शक्तिशाली हुने जुक्तिका रूपमा अर्थ्याउने गरेका छन् ।

हुन पनि संसदीय अंकगणितका आधारमा जो शक्तिशाली हुन्छ, उसको राजनीतिक सौदावाजी गर्ने क्षमतामा वृद्धि हुन्छ । यस आधारमा पनि मोर्चा निर्माणलाई दाहालको रणनीतिक हतियार भएको रूपमा विश्लेषण हुँदै आएको छ ।

## आँखा जोगाउने...

पृष्ठ १ बाट जारी

गर्ने । घर फर्केपछि पानीले आँखा सफा गर्दा राम्रो हुन्छ । आँखा पोल्दा हातले मिच्ने गर्नुहुँदैन । पानीले जोडले छ्याप्ने काम पनि गर्नुहुन्न । यसले दीर्घाकालका लागि समस्या निम्त्याउन सक्छ ।

**आँखा धेरै पोलेमा समाधानका तत्कालीन उपाय के हुन सक्छन् ?**

सकेसम्म त पानीले पखाल्ने । यतिले नभए औषधि पसलमा कृत्रिम आँशु निकाल्ने 'आइ ड्रप' पाइन्छ । आइ ड्रप प्रयोग गर्दा केही हदसम्म पोल्ने कम हुन्छ । यतिले नभए आँखा डाक्टरकहाँ पुगेर जाँच गर्दा राम्रो हुन्छ ।

**आँखालाई जोगाउन थप उपायहरू के छन् ?**

धेरै समय एअर कन्डिसन कोठामा नबस्ने । सन्तुलित भोजन खाने । धुवाँधुलोबाट बच्ने । धूमपान मध्यपान नगर्ने । यस्तो गरेमा आँखालाई धेरै हदसम्म सुरक्षित बनाउन सकिन्छ ।

### बीमालेख हरायो

मिति २०७९/११/२० गते, फक्ताङलुङ गाउँपालिकाको केन्द्र तापेथोकेदेखि फुङलिङ बजार जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नाम : भुमिका लिम्बु**
**विमालेख नं : २५१००४२८८**
**(Nepal Life Insurance Company Ltd)**
**ठेगाना : फक्ताङलुङ, लेलेप, ताप्लेजुङ**
**सम्पर्क नं : ९७४२९१८३९७**

**गल्छी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बाग्मती प्रदेश, धादिङ, नेपाल**
**प्रारम्भिक वातावरणीय अध्ययन सम्बन्धि सार्वजनिक सूचना**
**प्रथम पटक सूचना प्रकाशितः २०८०/०१/०४**

बाग्मती प्रदेश, गल्छी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, धादिङद्वारा निम्न बमोजिमको प्रस्ताब कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | गल्छी गाउँ कार्यपालिकाको कार्यालय, धादिङ<br>फोन : ९८५११०५९८८२, +९७७-०१०-४०३१६०<br>इ-मेल : galchhigapa@gmail.com |
| प्रस्तावको व्यहोरा | गल्छी गाउँपालिका अन्तर्गत ट्रमा सेन्टर निर्माण तथा संचालन कार्य |
| प्रभाव पर्न सक्ने जिल्ला/नगरपालिका | धादिङ जिल्ला, गल्छी गाउँपालिका, वडा नं ४ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक तथा भौतिक प्रणाली, जैविक तथा परिस्थितिकिया प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र सांस्कृतिक प्रणालीहरू बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाब पर्दछ भनि यकिन गर्न आयोजना क्षेत्रभित्र पर्ने नगरपालिका, वडा कार्यालय, वडा समिति, विद्यालय, स्वास्थ संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाब लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र देहाय उल्लेखित ठेगानामा आइपुग्ने गरि लिखित राय सुझाब उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| गल्छी गाउँपालिका, धादिङ, बाग्मती प्रदेश<br>फोन : ९८५११२९१७६,+९७७-६१-५२११०५<br>इ-मेल : galchhigapa@gmail.com | समुन्नती इन्जिनियरिंग कन्सल्टेन्सी प्रा लि<br>फोनः ९८४७५३०९७२, ९८५१०१९२९७<br>इ-मेल : samunnati.org.rb@gmail.com |

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**भन्सार विभाग**
**त्रिभुवन विमानस्थल भन्सार कार्यालय**
**(मुद्दा तथा लिलामी शाखा)**
**गौचर, काठमाडौं**
**मितिः-२०८०।०१।०४**
**भन्सार नियमावली, २०६४ को नियम ३५ को उपनियम १ अनुसार**

### सिलबन्दीद्वारा मालवस्तु लिलाम बिक्री सम्बन्धी सूचना

भन्सार चोरी पैठारी मुद्दामा पेश भई यस कार्यालयमा दाखिला भएका देहाय बमोजिमका मालवस्तु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा भन्सार नियमावली, २०६४ को नियम ३५ को उपनियम १ मा भएको व्यवस्था अनुसार सिलबन्दीको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, फर्म तथा संस्थाद्वारा यो सूचना प्रकाशन भएको मितिले २१(एक्काईस) दिन भित्र गोप्य सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ । दरभाउपत्र यस कार्यालयको मुद्दा शाखा तथा कोष तथा लेखा नियन्त्रक कार्यालय बबरमहल, काठमाडौंबाट खरिद गर्न सकिने छ । अन्य थप जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयको मुद्दा तथा लिलामी शाखामा सम्पर्क राखी बुझ्न सकिने छ ।

**प्रथम पटक प्रकाशितः-**

१. रोयल इनफिल्ड मोटरसाईकल थानः- १४(चौध)
२. पल्सर मोटरसाईकल थानः-२२ (बाईस)
३. विभिन्न कम्पनीका गाडीहरु थानः- ४(चार)

**दोस्रो पटक प्रकाशितः-**

१. रोयल इनफिल्ड मोटरसाईकल थानः- ६(छ)

**नोटः- माथि उल्लेखित सवारीसाधनहरुको बिस्तृत विवरण तथा लिलामी प्रकृया सम्बन्धी शर्तहरु यस कार्यालयको सूचना पाटि र वेभसाईट** www.customs.gov.np/tia **तथा भन्सार विभागको वेभसाईट** www.customs.gov.np **मा रहेको व्यहोरा अनुरोध छ ।**


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDUL AZIZ ABDULRAHMAN BUSUBAIT ESTABLISHMENT FOR FIBERGLASS

पुर्व स्वीकृति मिति २०८०/०१/०३ LT. No. 284799 चलानी नं. ६०२००१६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1500 | ५२,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Tank Cleaning Labour | 3 | 0 | 1000 | ३५,२४० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख ११ गते (24th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १४००/०७४/०७५

**Pashupati HR Solution Pvt. Ltd.**
Battisputali-9 Gaushala, Bijay Chowk, Kathmandu, Nepal
E-mail : pashupatihr17@gmail.com Tel No. 01-4110300, 4110479
www.pashupatihr.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAJ ALKHAIR GEN. CLEANING

पूर्व स्वीकृति मिति २०८०/०१/०३ LT. No. 284794 चलानी नं. ६०२००१६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 30 | 0 | 900 | ३२,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GLOBAL IMAPCT CLEANING SERVICES CO. LLC.

पूर्व स्वीकृति मिति २०८०/०१/०३ LT. No. 284795 चलानी नं. ६०२००१६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 10 | 10 | 900 | ३२,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख ११ गते (24th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।**

**त्रिकोण म्यानेजमेन्ट सर्भिसेज प्रा.लि.**
श्रम इजाजत नं. ५०३/०६१/०६२
पो.ब.नं. १९४६४, काठमाडौं, नेपाल, फोन ५४५६०२०/५४५६०१९
सम्पर्क नं : ९८०१२५०५५५, ९८०११०५५७७



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GITCO REAL ESTATE WLL

पूर्व स्वीकृति मिति २०८०/०१/०३ LT. No. : 284787 चलानी नं. ६०२००१६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 1 | 0 | 1000 | ३५,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labor | 1 | 0 | 1000 | ३५,९६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख ११ गते (24th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd** श्रम इजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SPARKLING CLEAN GENERAL CLEANING

पूर्व स्वीकृति मिति २०८०/०१/०३ LT. No. 284783 चलानी नं. ६०२००१४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bell man | 0 | 3 | 1000 | ३५,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SOFT HANDS FOR CLEANING & HOSPITALITY

पूर्व स्वीकृति मिति २०८०/०१/०३ LT. No. 284782 चलानी नं. ६०२००१४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour Services | 0 | 3 | 1000 | ३५,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख ११ गते (24th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**White Horse International Pvt. Ltd.** Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77487@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAI RAINBOW GARMENTS SDN. BHD. शहरः Malaysia पुन विज्ञापन

पूर्व स्वीकृति मिति : २०२३/०३/१७ पुन विज्ञापन स्वीकृति मिति : २०२३/०४/१६ LT. No. 282692 चलानी नं . ६०१९८२८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख ११ गते (24th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निः शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)**
श्रम इजाजत नं. १२७५/०७४/७५
Sallaghari Marg, Bansbari, Kathmandu
Tel:-+977 4372262, 4375012, Email:-skypower.rec@gmail.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MODISH UNITED READYMADE CLOTHS COMPANY

पूर्व स्वीकृति मिति २०७९/०८/२१ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/०३ LT. No. 277357 चलानी नं. ६०१९२९१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Women's Cloth Saler/ Sales Girl | 0 | 17 | 135 | ६०,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 0 | 3 | 90 | ३०,३४० | | | | | | | |

कम्पनी : GRAND HOTEL KUWAIT

पूर्व स्वीकृति मिति २०७८/०९/२२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/०३ LT. No. 255767 चलानी नं. ६०१६५१६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bakery & Pastry Chef | 0 | 1 | 130 | ५५,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Barista | 3 | 3 | 140 | ५९,५१५ | | | | | | | |
| 3 | Carpenter | 1 | 0 | 150 | ६३,७६५ | | | | | | | |
| 4 | Chef De Partie | 1 | 1 | 200 | ८५,०२५ | | | | | | | |
| 5 | Commi Chef | 2 | 1 | 120 | ५१,०१५ | | | | | | | |
| 6 | Demi Chef | 2 | 1 | 160 | ६८,०२० | | | | | | | |
| 7 | Driver | 2 | 0 | 150 | ६३,७६५ | | | | | | | |
| 8 | Executive Housekeeper | 1 | 0 | 280 | ११९,०३५ | | | | | | | |
| 9 | General Technician | 1 | 0 | 170 | ७२,२७० | | | | | | | |
| 10 | Housekeeping Attendant | 6 | 8 | 100 | ४२,५१० | | | | | | | |
| 11 | Housekeeping Supervisor | 0 | 1 | 180 | ७६,५२० | | | | | | | |
| 12 | Kitchen Equipment Specialist | 1 | 0 | 200 | ८५,०२५ | | | | | | | |
| 13 | Laundry Equipment Specialist | 1 | 0 | 200 | ८५,०२५ | | | | | | | |
| 14 | Laundry Man | 2 | 2 | 100 | ४२,५१० | | | | | | | |
| 15 | Painter | 2 | 0 | 150 | ६३,७६५ | | | | | | | |
| 16 | Plumber | 1 | 0 | 150 | ६३,७६५ | | | | | | | |
| 17 | Receptionist | 1 | 1 | 150 | ६३,७६५ | | | | | | | |
| 18 | Sous Chef | 1 | 0 | 300 | १२७,५३५ | | | | | | | |
| 19 | Steward | 8 | 0 | 100 | ४२,५१० | | | | | | | |
| 20 | Waiter/waitress | 2 | 4 | 110 | ४६,७६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख ११ गते (24th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ३०१/०५९/०६०

**Supreme Overseas Pvt. Ltd.**
Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np

आठौंपटक मन्त्रिपरिषद् विस्तार

# थपिए एक मन्त्री र एक राज्यमन्त्री



■ प्रभाव संवाददाता

**काठमाडौं-** प्रधानमन्त्री पुष्पकमल दाहालले आठौंपटक मन्त्रिपरिषद् विस्तार गरेका छन् । आइतबार प्रधानमन्त्री दाहालले कांग्रेसबाट एनपी साउन परराष्ट्रमन्त्रीमा र एकीकृत समाजवादीबाट भौतिक पूर्वाधार तथा यातायात राज्यमन्त्रीमा नन्दा चपाईं नियुक्त गरेका हुन् ।

आइतबार नै राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष नवनियुक्त मन्त्रीले शपथ लिएका छन् । राष्ट्रपति कार्यालय शीतलनिवासमा आयोजित समारोहमा राष्ट्रपति पौडेलले मन्त्री साउदलाई पद तथा गोपनीयताको शपथ गराएका हुन् ।

शपथग्रहण समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री दाहाल, सभामुख देवराज घिमिरे, राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिना उपस्थित थिए । मन्त्री साउदले आइतबार नै मन्त्रालय पुगी पदभार सम्हालेका छन् ।

कांग्रेस केन्द्रीय सदस्य साउद यसअघि २०७० सालमा सिँचाइमन्त्री र २०५७ मा शिक्षा तथा खेलकुद राज्यमन्त्री भएका थिए । उनी २०५६ र २०७० मा कञ्चरपुरको क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए । उनी गत मंसिर ४ गते सम्पन्न निर्वाचनमा कञ्चनपुर क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए ।

वि.सं. २०३६ मा नेविसंघसँग जोडिएर राजनीतिमा होमिएका उनी वि.सं. २०४३ मा नेविसंघको उपसभापति हुँदै २०४८ सालमा केन्द्रीय सभापति भएका थिए । वि.सं. २०१९ साउन २५ गते डडेलधुरामा जन्मेका साउदको स्थायी ठेगाना कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-६ हो ।

आइतबार नै प्रधानमन्त्री दाहालबाट नवनियुक्त भौतिक पूर्वाधार तथा यातायात राज्यमन्त्री चपाईंले शपथ लिइन् । राष्ट्रिय सभा सदस्य चपाईंले आइतबार नै मन्त्रालय पुगी पदभार सम्हालेकी छन् ।

**मन्त्रीमण्डल अझै अपूरो**

आठौंपटक विस्तार हुँदा पनि मन्त्रिपरिषद्ले अझै पूर्णता पाउन सकेको छैन । सरकारमा हाल कांग्रेसबाट पाँच मन्त्री सहभागी भएका छन् । कांग्रेसले आफ्नो भागमा परेको तीन मन्त्रालयमा कसलाई पठाउने भन्ने टुंगो नलगाउँदा मन्त्रिपरिषद्ले पूर्णता पाउन नसकेको हो ।

परराष्ट्र साउदलाई जिम्मा लगाएसँगै प्रधानमन्त्रीको दाहालको काँधमा अझै पाँच मन्त्रालयको भारी बाँकी नै छ । अहिले प्रधानमन्त्री दाहालसँग कानुन, न्याय तथा संसदीय मामिला, खानेपानी, वन तथा वातावरण, युवा तथा खेलकुद, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रहेको छ ।


PRABHU HOLDINGS LIMITED

## प्रभु होल्डिङ्ग्स् लिमिटेड

का.जि.का.म.न.पा. ३१, काठमाडौंको

**विशेष साधारणसभा सम्वन्धि सूचना**

प्रथम पटक प्रकाशित मितिः बैशाख ४, २०८०

यस कम्पनीको मिति बैशाख ३, २०८० मा बसेको सञ्चालक समितिको बैंठकको निर्णयानुसार कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम यस कम्पनीको विशेष साधारणसभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त विशेष साधारण सभामा आफै उपस्थित हुन वा आफ्नो प्रतिनिधि मनोनयन गरी पठाई भागलिनका लागि सम्पूर्ण शेयरधनीहरुमा यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

मितिः बैशाख १९, २०८० ।

समयः बिहानको ११:०० बजे ।

स्थानः कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाडौं ।

**विशेष प्रस्तावहरुः**

(१) कम्पनीको प्रबन्धपत्रको दफा १ मा संसोधन गर्ने सम्बन्धमा ।

(२) कम्पनीको नियमावलीको नियम १ मा संसोधन गर्ने सम्बन्धमा ।

(३) नियामक निकायहरुको निर्देशनमा प्रबन्धपत्र/नियमावलीका प्रस्तावित संशोधनहरुमा परिमार्जन तथा थपघट गर्न आवश्यक भएमा सो गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(४) विविध ।

**नोटः**

(१) यस कम्पनीको रजिष्टर्ड कार्यालयमा प्रोक्सी मिति बैशाख १७, २०८० गते सम्म दर्ता गरी सक्नुपर्ने छ ।

(२) विशेष साधारण सभा हुने स्थानमा सभामा सहभागी शेयरधनी महानुभावहरुको हस्ताक्षरको लागि हाजिरी पुस्तिका १०:०० बजे देखि नै खुल्ला गरिनेछ ।

(३) सभा सम्बन्धि अन्य काम कारवाही कम्पनी ऐन २०६३ बमोजिम हुनेछ ।

संचालक समिति
प्रभु होल्डिङ्ग्स् लिमिटेड



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CK NOBLE ENTERPRISE SDN.BHD.

पुर्व स्वीकृति मिति २०७९/०४/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/01/03 | LT. No. 268324 | चलानी नं. ६०१८४२०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing | 20 | 0 | 1500 | ४४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : LRG RUBBER SDN BHD

पुर्व स्वीकृति मिति २०७९/०४/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/01/03 | LT. No. 269233 | चलानी नं. ६०१८५०९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 100 | 0 | 1500 | ४४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख ११ गते (24th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले   **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १४६५/०७४/०७५

**Ever Bright Overseas Pvt.Ltd.**

Manpower Bazar, Sinamangal–09 Kathmandu, Nepal,Pho No: 9861596041, 9813467879, 9841702553, 9851177708
Email:everbrightoverseas2018@gmail.com, Web:www.everbrightoverseas.com



## नेपाल सरकार
## भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
### भूमि सुधार तथा मालपोत कार्यालय
### सर्लाही मलंगवा
### मोही फाँट

**३५ दिने सार्वजनिक सूचना !**

जिल्ला सर्लाही साविक गा.वि.स. ढुंग्रेखोला वडा नं. १ हाल बागमती न.पा. वडा नं. १ मा वस्ने **कृष्ण प्रसाद उपाध्याय कोईराला** लाई हकदावी गर्न आउने वारेको सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सर्लाही साविक गा. वि. स. ढुंग्रेखोला वडा नं. १ हाल बागमती न.पा. वडा नं. १ मा बस्ने तपसिल बमोजिम व्यक्तिको नाउंमा दर्ता रहेको निम्न बमोजिम जग्गाको मोही महलमा जिल्ला सर्लाही साविक गा.वि.स. ढुंग्रेखोला वडा नं १ हाल बागमती न.पा. वडा नं. १ मा वस्ने **कृष्ण प्रसाद उपाध्याय कोईराला** को नाम रहेकोमा जग्गा धनीले **जग्गा नजोतेको मोही लगत कट्टा** गरि पाउँ भन्ने निवेदनमा मिति २०७९/१२/३० गतेको आदेशानुसार हक दावी सम्बन्धी ३५ दिने सुचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम **जग्गा नजोतेको मोही लगत कट्टा** तर्फको कार्यवाही भै जाने यसै सूचनाद्वारा जानकारी गराईन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।

**तपसिल :**

| सि.नं. | जिल्ला | गाविस | वडा नं. | कि.नं. | क्षेत्रफल | जग्गा धनी | मोही |
|---|---|---|---|---|---|---|---|
| १. | सर्लाही | हरिवन | ८ (छ) | १०७५ | ०-२-१० | धनवहादुर राना मगर समेत | कृष्ण प्रसाद उपाध्याय कोईराला |
| २. | सर्लाही | हरिवन | ८ (छ) | १६८५ | ०-१-२ | | |
| ३. | सर्लाही | हरिवन | ८ (छ) | १६८६ | ०-०-६.१।२ | | |
| ४. | सर्लाही | हरिवन | ८ (छ) | १०७४ | ०-२-५ | डिम वहादुर राना | |
| ५. | सर्लाही | हरिवन | ८ (छ) | १०७३ | ०-२-८.१।२ | गणेश वहादुर राना मगर | |
| ६. | सर्लाही | हरिवन | ८ (छ) | १६८४ | ०-१-१७ | सशिल राना | |
| ७. | सर्लाही | हरिवन | ८ (छ) | १६८३ | ०-२-१ | सोम वहादुर राना मगर | |



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : YCSG INDUSTRIAL SND. BHD.

पूर्व स्वीकृति मिति २०८०/०१/०३ | LT. No. 284561 | चलानी नं. ६०२००१५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 1 | 5 | 1500 | ४४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : JELFY FOOD SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/३० | LT. No. 284562 | चलानी नं. ६०२००१२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 1 | 0 | 1500 | ४४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : AKITIARA CORPORATION SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/३० | LT. No. 284563 | चलानी नं. ६०२००१२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 5 | 0 | 1500 | ४४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : KUALA PILAH RUBBER FACTORY SB.

पूर्व स्वीकृति मिति २०७९/१२/३० | LT. No. 284560 | चलानी नं. ६०२००१२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Oil palm plantation workers | 15 | 0 | 1500 | ४४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख ११ गते (24th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु.१,५०० कामदार आफैंले   **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने** : निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**

Govt. License 1342/074/75

Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## बिमालेख हरायो

मेरो निम्न ब्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको बिमालेख हराएको हुनाले पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा नेपाल लाइफको कार्यालयमा बुझाइदिनुहोला ।

नामः **सूर्य श्रेष्ठ**
ठेगाना : **सिरानचोक मैदान-५ गोरखा**
बिमालेख नं.: **१७१०००८९७**

## बिमालेख हरायो

मेरो निम्न ब्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको बिमालेख हराएको हुनाले पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा नेपाल लाइफको कार्यालयमा बुझाइदिनुहोला ।

नामः **सोनी गुरुङ**
बिमालेख नं.: **११९१०००३९६**
सम्पर्क : **९८५१०११८३३**

## हकदावी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७३/०१/१५ मा दर्ता भएको बिराट वायर्स इण्डष्ट्रिज प्रा.लि. (दर्ता नं. १४८३०६) को मिति २०७९/१२/०६ गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ ।

**लिक्वीडेटरः पुरुषोत्तम अमात्य, इजाजतपत्र नं. ५०१, फोन नं. ९८५१११९७६६**



## AAYUSHI ENERGY PVT.LTD.

PAN NO.600386797
31,Shantinagar,Kathmandu

| S.N | ITEMS | MRP |
|---|---|---|
| 1 | ZEN VEE 200 (ZHTFG250) | 41,350.00 |
| 2 | ZEN VEE 200 (ZHTFG250) | 44,650.00 |
| 3 | ZEN VEE 200 (ZHTFG250) | 50,200.00 |
| 4 | ZEN VEE 200 (ZHTFG250) | 54,200.00 |

**The above Products carry after sales Warrenty, All prices are Including vat**



Local Government

## Indrawati Rural Municipality

### Office of the Rural Municipal Executive

Nawalpur, Sindhupalchok
Bagmati Province, Nepal

**INTENTION TO AWARD**

**Date of publication : 2080/01/04**

Pursuant to Clause 27(2) of Public Procurement Act 2063 and ITB 39.1 of bidding document, this is to notify all that the following minimum evaluated substantially responsive bidders have been selected to award the following contracts as per the Invitation for Bids Published on www.bolpatra.gov.np/egp, 'Aarthik' National Daily dated 2079/12/15.

| S. N. | Contract No. | Name of Work | Name and Address of Bidder | Bid Price (including VAT and PS) |
|---|---|---|---|---|
| 1 | IRMSI/W/NCB/ 079/080-30 | Construction works of Rayele Lift Water Supply Project at ward No. 2 | M/S Sindhudhuseni construction and realstate, Gokarneswor, Kathmandu. | NRs. 22,97,969.80 |

**Chief Adminstrative Officer**



## कुमारी सेभिंग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड

KUSCCOOP Since 2000

केन्द्रीय कार्यालयः कुमारी सहकारी भवन, कुमारी चोक, चावहिल काठमाण्डौं
फोन नं.४४७८००६, ४४६६५२७४
सदस्य सेवा केन्द्रहरूः कालिमाटीः ४२८२५२४ । ठमेलः ४४१२८४२ । साँखुः ४४५१८७३ । माछा पोखरीः ४३८३६८९

**ऋणिलाई ऋणकर्जा चुक्ताभुक्तान गर्न जारी गरिएको ३५ दिने सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०।०१।०४ गते सोमबार**

यस कुमारी सेभिंग एण्ड केडिट को-अपरेटिभ लि. बाट तपशिलमा उल्लेखित ऋणिहरूले प्राप्त गरेको ऋण कर्जाको समयावधि समाप्त भएको तथा यस संस्थासँग गरेको सम्झौता बमोजिम समय समयमा बुझाउनु पर्ने साँवा, ब्याज र हर्जना लगायत अन्य दस्तुर आदि नतिरी नबुझाई संस्थासँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लंघन गरेकोले संस्थाको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक-पटक तारताकेता गरेको, सो गर्दा समेत संस्थाको कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा यथाशीघ्र यस संस्थामा सम्पर्क गरी कर्जाको तिर्नुपर्ने भाखा नाघेको साँवा ब्याज र हर्जना सहित सम्पूर्ण रकम चुक्ता गर्नु हुन सूचित गरिन्छ । उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, प्रदेश सहकारी ऐन २०७६, प्रदेश सहकारी नियमावली २०७६, संस्थाको स्वीकृत विनियम, संस्थाको कर्जा असुली नीति २०६२ तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम लिलाम बिक्री गरी वा अन्य जायजेथा जो जे बाट हुन्छ असुल उपर गरिने छ । असुल उपर हुन नसकेको ऋण रकम ऋणि, जमानि तथा धनजमानि दिनेको घर जायजेथा चल अचल श्री सम्पत्ति जो जे हुन्छ सो समेतबाट असुल उपर गरिने ब्योहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

| ऋणिको नाम ठेगाना (तीनपुस्ते ) | व्यक्तिगत जमानी र धनजमानीको नाम ठेगाना | धितोको विवरणः- |
|---|---|---|
|  नाम थर : **त्रिभुवर लाल श्रेष्ठ**<br>बुबाको नाम : धर्म लाल श्रेष्ठ<br>बाजेको नाम : हरी लाल श्रेष्ठ<br>स्थायी ठेगाना : धरान न.पा. बडा नं.१२, सुनसरी<br>हालको ठेगाना : कामनपा १०, काठमाण्डौ<br>**ना.प्र.न.२५२४।१५(०४४।१०।२८) काठमाण्डौं** |  नाम थर : **देव लक्ष्मी श्रेष्ठ**<br>बुबाको नाम : डिल्ली नाथ श्रेष्ठ<br>ससुराको नामः धर्म लाल श्रेष्ठ<br>श्रीमानको नामः त्रिभुर लाल श्रेष्ठ<br>स्थायी ठेगाना : धरान न.पा. बडा नं.१०, सुनसरी<br>हालको ठेगाना :- कामनपा ३४, काठमाण्डौ<br>**ना.प्र.न.२७१५३१५०९९।८९७९** | काठमाण्डौ जिल्ला कामनपा वडा नं. १०<br>नक्सा सिट नं.:- १०२११०७२२<br>कित्ता नं.:- २२३ र २२५<br>क्षेत्रफलः- कि.न.२२३ को ०-३-०-१ (९७३६ ब.मि) र कि.न.२२५ को ०-३-२-२(११५।२५ ब.मी)<br>क्षेत्रफलमा बनेको घर जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |
|  नाम थर : **प्रल्हाद बिष्ट**<br>बुवाको नाम :- बल बहादुर बिष्ट<br>बाजेको नाम :- लोक बहादुर बिष्ट<br>स्थायी ठेगानाः- बुङ्मती बडा नं.७, ललितपुर<br>**ना.प्र.न.४१४६२(०४५।११।२३) ललितपुर** |  नाम थर : **मेनुका बिष्ट**<br>बुवाको नामः- रामजी खडका<br>ससुराको नामः- बल बहादुर बिष्ट<br>श्रीमानको नामः- प्रल्हाद बिष्ट<br>स्थायी ठेगानाः- बुङ्मती बडा नं.७, ललितपुर<br>**ना.प्र.न.६९४८८(०५१।९।१२) ललितपुर** | ललितपुर जिल्ला बुङ्मती वडा नं. ५<br>नक्सा सिट नं.:- ५ग<br>कित्ता नं.:- १९७ र १९९<br>क्षेत्रफलः- कि.न.१९७ को ०-९-१-० (२९४।०६ ब.मि) र कि.न. १९९को (०-१२-२-० (३९७।३८ ब.मी)<br>क्षेत्रफल जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |
|  नाम थरः **शान्ती देवी उप्रेती (मैनाली)**<br>**ना.प्र.न.८५२४११९५०, झापा**<br>बुवाको नामः- डिल्ली प्रसाद उप्रेती<br>बाजेको नाम :- महेश्वर उप्रेती<br>ससुराको नामः- लक्ष्मी प्रसाद मैनाली<br>श्रीमानको नामः- घनश्याम मैनाली<br>स्थायी ठेगानाः- साबिक शिवगञ्ज७, झापा<br>हालको ठेगानाः- कामनपा ९ पुरानो बानेश्वर, काठमाण्डौ |  नाम थरः **घनश्याम मैनाली**<br>**ना.प्र.न.५७०४,३३४३, झापा**<br>बुवाको नाम :- लक्ष्मी प्रसाद मैनाली<br>बाजेको नामः- देवी प्रसाद मैनाली<br>स्थायी ठेगानाः- साबिक जुरोपानी ४, झापा<br>हालको ठेगानाः- कामनपा ९ पुरानो बानेश्वर, काठमाण्डौ | काठमाण्डौं जिल्ला कामनपा चावहिल वडा नं. ७<br>नक्सा सिट नं. १०२१०६७१३<br>कित्ता नं. ५८१<br>क्षेत्रफल : १-५-३-१ (६९३।५६ ब.मि.<br>क्षेत्रफलमा रहेको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |



## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **Panchasorna Group Pvt Ltd** कम्पनीले **CHINA** बाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य **(MRP)** निम्न बमोजिम भएको ब्यहोरा सर्वसाधारण जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालबस्तुको विवरण | आकार/ प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | ईकाई | इकाई प्रति मुल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मुल्य-MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | NA | PANCHAFRESH | PS23Y01-82CM | NA | CHINA | PCS | 6800 | 7680 | |
| 2 | RANGEHOOD CHIMNEY | NA | PANCHAFRESH | PS23Y02-82CM | NA | CHINA | PCS | 6850 | 7735 | |
| 3 | RANGEHOOD CHIMNEY | NA | PANCHAFRESH | PS22Y03-82CM | NA | CHINA | PCS | 6890 | 7780 | |

बिक्रेता फर्मको नाम : **Panchasorna Group Pvt Ltd**   स्थायी लेखा नं. : **606749170**
ठेगाना : **Pepsicola-32, Nepal**   फोन नं. : **9801171012**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### मन्त्रिपरिषद्लाई छिटो पूर्णता देऊ

**प्रधानमन्त्री पुष्पकमल दाहालले सोमबार आठौंपटक मन्त्रिपरिषद् विस्तार गरे । तर, अझै मन्त्रिपरिषद्ले पूर्णता पाएकै छैन । अहिले पनि प्रधानमन्त्रीको काँधमा कानुन, न्याय तथा संसदीय मामिला, वन तथा वातावरण, युवा तथा खेलकुद, स्वास्थ्य तथा जनसंख्या र खानेपानी मन्त्रालयको जिम्मेवारी छ ।**

**कांग्रेसको संस्थापनइतर पक्षले मन्त्रिपरिषद्मा मन्त्री नपठाउँदा मन्त्रिपरिषद्ले पूर्णता नपाएको हो । संस्थापन पक्षको तीनवटा मन्त्रालय दिनुपर्ने यो पक्षको माग छ । संस्थापन पक्ष भने तयार छैन । त्यही भएर मन्त्रीको रूपमा सिफारिस भइसकेका सांसदहरू धनराज गुरुङ र डिकबहादुर लिम्बू शपथ ग्रहण गर्नै गएनन् ।**

**र, जनमत पार्टीले पनि खानेपानी मन्त्रालय फेरि पाउने भएपछि असन्तुष्ट हुँदै भएका मन्त्रीलाई राजीनामा दिन लगाएर चुपचाप छ । यी कारणले प्रधानमन्त्री दाहालले मन्त्रिपरिषद्लाई पूर्णता दिन नसकेका हुन् । यसको सीधा असर भने सरकारको काम कारबाहीमा परेको छ । जनताले अझैसम्म सुशासनको अनुभूति गर्न सकेका छैनन् । भ्रष्टाचार न्यूनीकरण सरकारको नारामै सीमित भएको छ ।**

**जनताको आधारभूत जीवन व्यवहारमा परिवर्तन छैन । यसबारे प्रधानमन्त्री दाहालले आइतबार स्वीकारे । तर, उनले प्रधानमन्त्री हुँदै गर्दा भनेका थिए- देश र जनताले युगौंयुग सम्झिइरहने काम गर्ने हुट्हुटी छ ।**

**तर, ६ चैतमा दोस्रोपटक विश्वासको मत लिएका प्रधानमन्त्री दाहालले आजसम्म मन्त्रिपरिषद्लाई पूर्णता दिनै सकेका छैनन् । जबकि, अघिल्लो सातादेखि कोरोना संक्रमणको महामारी फैलिँदो छ । आइतबारसम्ममा कोरोना संक्रमणकै कारण दुई जनाको ज्यान गइसकेको छ । संक्रमितको संख्या बढ्दो छ । यस्तो बेला स्वास्थ्यमन्त्री छैन । यो ठीक हुँदै होइन ।**

**र, आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम र बजेट तयारी गर्ने समय सकिन लाग्दा वनमन्त्री, खेलकुदमन्त्री र खानेपानीमन्त्री छैनन् । यसले सरकारको कार्यप्रगतिमा असर गर्ने हो । यसकारण, कुनै एक दलभित्रको मतभेदको सिकार सरकारलाई बनाउनु उचित होइन ।**

**यसतर्फ कांग्रेसले थप गम्भीरता प्रदर्शन गर्नैपर्छ । होइन भने सरकारप्रति जनताको तहबाट प्रश्न उठ्नेछ । जनताले सडकमा आक्रोश पोख्ने सम्भावना हुन्छ । जुन स्वाभाविक पनि हो । किनभने सरकार जनताप्रति उत्तरदायी हुनैपर्छ । त्यसका लागि छिटो प्रधानमन्त्री दाहालले गठबन्धन दलका नेतृत्वहरूसँग संवाद गरेर मन्त्रिपरिषद्लाई पूर्णता दिनुपर्छ र सरकारलाई जनमुखी बनाउनुपर्छ ।**

## सामाजिक उद्यमशीलतामा नयाँ आयाम



डिल्लीराम बाँस्तोला

सामाजिक उद्यम बजारको एक यस्तो अवधारणा हो, जसले व्यवसायबाट हुने नाफाभन्दा त्यसबाट समाजमा परेको प्रभावलाई बढी महत्व दिन्छ । आफूले आर्जन गरेको नाफा समाजका निश्चित वर्ग र समुदाय लाभान्वित हुने गरी खर्च गर्नु नै सामाजिक उद्यम हो । यसले समाजमा कस्तो प्रभाव सिर्जना गरेको छ सोही आधारमा मूल्यांकन गर्न सकिन्छ नकि त्यसले आर्जन गरेको नाफाका आधारमा ।

सामाजिक उद्यम के हो भन्ने सम्बन्धमा आजसम्म सर्वमान्य परिभाषा छैन विश्वव्यापीरूपमा अवधारणागत अस्पष्टता छ, वा आफ्नै तवरले परिभाषित गर्ने गरिएको पाइन्छ । देश, समाज र परिवेशअनुरूप यसलाई फरक-फरक तवरको हेरेको पाइन्छ ।

तथापि, मूलतः नाफा वितरणको आधारमा सामाजिक उद्यम र निजी व्यवसायबीचको फरक छुट्याउन सकिन्छ । सामाजिक उद्यमको ध्येय समाजको विकासमा योगदान गर्नु हो भने निजी व्यवसायको ध्येय आफ्ना सेयरवालाको नाफा वृद्धि गर्नु हो । अर्को शब्दमा भन्ने हो भने सामाजिक उद्यम भन्नाले स्वच्छ प्रतिस्पर्धामा आधारित व्यवसाय, वातावरणमैत्री व्यवसाय र समाजका सीमान्तकृत व्यक्तिलाई सहयोग गर्ने व्यवसाय भन्न सकिन्छ ।

सामाजिक उद्यम बजारको एक यस्तो अवधारणा हो, जसले व्यवसायबाट हुने नाफाभन्दा त्यसबाट समाजमा परेको प्रभावलाई बढी महत्त्व दिन्छ । आफूले आर्जन गरेको नाफा समाजका निश्चित वर्ग र समुदाय लाभान्वित हुने गरी खर्च गर्नु नै सामाजिक उद्यम हो । यसले समाजमा कस्तो प्रभाव सिर्जना गरेको छ सोही आधारमा मूल्यांकन गर्न सकिन्छ नकि त्यसले आर्जन गरेको नाफाका आधारमा । सामाजिक उद्यमलाई यसका विशेषताको आधारमा पनि बुझ्न सकिन्छ ।

अरुलाई सहयोग गर्नु, सामाजिक मूल्य सिर्जना गर्नु, सकारात्मक सामाजिक प्रभाव, दिगोपन, मूल्य मान्यतामा आधारित, नवप्रवर्द्धनका विशेषता हुन् । यस्ता संस्थाले पनि आर्थिक आत्मनिर्भर भई दिगोरूपमा संस्था सञ्चालन गर्न सीमित नाफाको उद्देश्य राख्दछन् । तथापि, त्यस्तो आर्जित नाफा अरुको हितमा खर्च गर्ने र खासगरी आर्थिक सामाजिक रूपमा पछि परेका वा विशेष परिस्थिति परी आकस्मिक समस्यामा परेका व्यक्ति तथा समुदायको हिततर्फ लक्षित गरी खर्च गर्ने गरेको पाइन्छ ।

समाज विकासक्रमसँगै समाज सुधारका विविध प्रयास हुँदै आएको पाइन्छ । वैदिक धर्म, संस्कृति र परम्परा अध्ययन गर्दा प्राचीनकालदेखि नै 'परोपकार पुण्याय पापाय परपिडनम्' जस्ता मूल्य मान्यताले समाजलाई निर्देशित गरी आएको पाइन्छ ।

आधुनिककालमा खासगरी सन् २००४ पछि चीनमा सामाजिक उद्यमसम्बन्धी नवीन अवधारणा सतहमा आएको हो । त्यसपछि विश्वका अन्य देशमा पनि यसको अभ्यास तीव्ररूपमा हुन थाल्यो । विश्वका केही चर्चित सामाजिक उद्यममा अशोका, ग्रामीण विकास बैंक, ब्युटिफूल स्टोर, मलाला फण्ड, सेभेन्थ जेनेरेसन, टोम्स सु, सेफ प्वाइन्ट ट्रस्ट, आइफार्मर, वर्क फर इम्प्याक्ट, इरा ९२, नेस्ट, सिट्टी आदिलाई लिन सकिन्छ ।

नेपालमा प्राचीन समयदेखि कुनै न कुनै प्रकारले सामाजिक व्यावसायिक संस्था सञ्चालनमा रहेको पाइन्छ । गुठी प्रणालीलाई यसको उदाहरणको रूपमा लिन सकिन्छ । प्राचीनकाल, मल्लकाल र आधुनिककालमा समाज सुधारका क्षेत्रमा केही न केही कार्य हुँदै आएको पाइन्छ ।

समाज कल्याण ऐन २०३४ बमोजिम स्थापित समाज कल्याण परिषद्ले सामाजिक कल्याणसँग सम्बन्धित कार्यबाट देशको सर्वांगीण विकासमा टेवा पुऱ्याउनका लागि सम्बन्धित मन्त्रालय तथा सामाजिक संघ संस्थामार्फत समाज कल्याण कार्यक्रम सञ्चालन गर्ने उद्देश्य राखेको पाइन्छ ।

'मन, वचन र कर्मले सेवा गरौं' भन्ने मूल मन्त्रका साथ स्थापित समाज कल्याण परिषद्अन्तर्गत हालसम्म ५० हजार ३५८ स्थानीय गैरसरकारी संस्था र २७० वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था दर्ता भई कार्य गरिरहेका छन् । यी संस्थामध्ये ९५ प्रतिशतभन्दा बढी दातामुखी रहेका छन् । हालैका दिनमा अन्तर्राष्ट्रिय समुदायले गैरसरकारी संस्थालाई गर्ने सहयोगको मात्रा घटाउँदै लगेको परिवेशमा आत्मनिर्भर सामाजिक उद्यमको महत्त्व अझै बढ्दै जाने देखिन्छ । सामाजिक उद्यमसम्बन्धी अवधारणा नेपालको सन्दर्भमा एक नवीन विषय हो । नेपालमा औपचारिकरूपमा भने यो अवधारणा सन् २००८ तिर सुरु भएको हो । हाल शिक्षा बालस्वास्थ्य, वातावरण संरक्षण, महिला, फरक क्षमता भएका व्यक्ति, सामाजिक समस्या, युवा, विद्यार्थी, बेरोजगारी, गरिबी न्यूनीकरण, कृषिजन्य उत्पादन, नवीनतम् प्रविधि, सीप विकास, हस्तकला, कृषिजस्ता क्षेत्रमा सामाजिक संस्था क्रियाशील रहेको पाइन्छ ।

नैतिक दृष्टान्त कवितामा कविशिरोमणि लेखनाथ पौड्यालले भनेका छन्, 'मिलेर काम गर्नाले हुन्छ अत्यन्त फायदा, एकता हेर कस्तो छ मौरीको महमा सदा' । यसै मान्यताअनुसार सामाजिक उद्यमका क्षेत्रमा सुखावती स्टोर, स्मार्ट पानी (पानीको दिगो व्यवस्थापन), बिरुवा भेञ्चर (उद्यमशीलता प्रवर्द्धन परामर्श), बिहानी सोसियल भेन्चर (ज्येष्ठ नागरिक), एक्सन वर्क नेपाल (जोखिममा परेका तथा पिछडिएका समूह), एन्थ्रोपोज (मोतिबिन्दु), छहारी सर्भिस (महिला सशक्तीकरण), डोको रिसाइकल (फोहोर व्यवस्थापन) जस्ता संस्था क्रियाशील रहेका छन् ।

त्यसैगरी कम्युनिटी होमस्टे डट कम (पर्यटन प्रवर्द्धन), फ्रेण्डस् ह्यान्डीक्राफ्ट्स (महिला सीप तालिम), हाम्री बहिनी (वातावरण), खालिसिसा (फोहोर व्यवस्थापन), मितेरी रिसाइकल (वातावरण, महिला सशक्तीकरण), द लोकल प्रोजेक्ट नेपाल (हस्तकला), जावलाखेल ह्याण्डिक्राफ्ट सेन्टर (हस्तकला, गलैंचा उत्पादन), द भिलेज क्याफे पाटन (महिला सीप विकास, सशक्तीकरण), सिइङ ह्याण्डस क्लिनिक (दृष्टिविहीन सीप विकास), सारंगी भेजिटेरियन रेस्टुरेण्ट (गाइने जातिको परम्परागत सीप कला संरक्षण) लाईसमेत लिन सकिन्छ ।

यसका अलावा यस प्रकारका अन्य संस्थामा हाइयर ग्राउण्ड पाटन (महिला सशक्तीकरण, सीप विकास), द क्याफे विथ नो नेम (बालविकास, सडक बालबालिका), महागुठी क्राफ्ट विथ कनसाइन्स (महिला तथा बालबालिका), ढुकुटी (आर्ट, क्राफ्ट), केटिएम हाट (हस्तकला सामान, चियालगायत नेपाली उत्पादन बिक्री), तिम्रो कन्सेप्ट (नेपाली ब्राण्डका थरीथरी डिजाइन तथा हस्तकला सामग्री उत्पादन बिक्री) जस्ता संस्थालाई लिन सकिन्छ । किङ्स कलेजले समेत यस क्षेत्रमा अध्ययन अनुसन्धान कार्य गर्ने गरेको पाइन्छ । त्यसैगरी समृद्धि, आइडिया स्टुडियो, अन्तरप्रेरणा, स्टार्टअपस नेपाल, वन टु वाच, नेक्स्ट, सामर्थ, डोल्मा इम्प्याक्ट फण्ड, रक्स स्टार्टलगायतका करिब ५० सामाजिक कम्पनी नेपालमा विभिन्न क्षेत्रमा क्रियाशील रहेको पाइन्छ ।

हाम्रो समाजमा पनि दैनिक लाखौं कमाइ हुने र सम्भ्रान्त जीवन जिउने व्यक्तिदेखि बिहान के खाउँ बेलुका के खाउँ अवस्था भएका तथा दिनभरि अर्काको काम गरी कमाएको थोरै पैसाले गर्जो टार्ने बाध्यता भएका व्यक्ति प्रशस्त छन् । आजसम्म भएका राजनीतिक परिवर्तनले यस्ता आर्थिक सामाजिक दृष्टिले पछाडि परेका र भूइँतहमा रहेका व्यक्तिको जीविकोपार्जनमा अनुभूतिजन्य कार्य भएको पाइँदैन ।

धनी र गरिबबीचको फासला बढ्दै गएको पाइन्छ । देश विकास, अविकास र परनिर्भरताको क्रममै रुमलिरहेको पाइन्छ । नेपालमा सामाजिक उद्यम वा कम्पनी कसलाई भन्ने यसका आधार के हुन भन्नेबारे स्पष्ट सरकारी नीति नै छैन । स्पष्ट कानुनी प्रबन्ध नै नभएको अवस्थामा सामाजिक उद्यम स्थापना तथा सञ्चालनमासमेत अनेक बाधा अड्चन झेल्नुपर्ने अवस्था छ । तथापि, केही उत्साही उद्यमीले साँचो अर्थमा समाज सेवाको उद्देश्यले विभिन्न क्षेत्रमा सुरु गरेका नवीन तथा नवप्रवर्द्धनात्मक व्यवसायले सुखद भविष्यको संकेत गरेका छन् । यसको ज्वलन्त उदाहरणको रूपमा सुखावती स्टोरलाई लिन सकिन्छ ।

वैदेशिक रोजगारीको सिलसिलामा दक्षिण कोरिया रहँदा ब्युटीफुल स्टोरमा कामको सिलसिलामा सिकेको ज्ञान, सीप र अनुभवबाट प्रभावित भई उत्साही युवा चिजमान गुरुङको अगुवाइमा परोपकारी भावनाका केही व्यक्ति मिलेर एक गैरनाफामूलक व्यावसायिक सामाजिक कम्पनीको रूपमा सुखावती स्टोर स्थापना भएको हो ।

यस संस्थाको मुख्य उद्देश्य भनेको मानव कल्याण, रोजगारी सिर्जना र खेर गइरहेको सामग्रीको यथासम्भव पुनः प्रयोग गर्ने संस्कृतिलाई बढावा दिँदै वातावरण संरक्षणमा योगदान दिनु हो । सुखावती स्टोरले शून्य फोहोरको अवधारणा कार्यान्वयनमा ल्याएको छ । सुखावतीका काठमाडौं उपत्यकास्थित वनस्थली, नेपालटार वा झम्सीखेलस्थित स्टोरमा दैनिक २०० को हाराहारीमा ग्राहक पुग्ने गरेका र त्यसबाट दैनिक सरदर २० हजार रूपैयाँसम्मको कारोबार हुने गरेको पाइन्छ । स्वच्छ, सुखी र सुन्दर संसार निर्माणको परिकल्पनालाई केन्द्रमा राखेर सुखावती स्टोरले गरिबी न्यूनीकरण, वातावरण संरक्षण र रोजगारी सिर्जनाका निमित्त दिगोरूपमा सामाजिक उद्यम सञ्चालन गर्ने लक्ष्यलाई व्यवहारमा कार्यान्वयन गरेको छ ।

'रिड्युस, रियुज र रिसाइकल' तथा पिपुल, प्लानेट र प्रोफिटको सैद्धान्तिक जगमा उभिएर यो संस्थाले एकातिर आर्थिक सामाजिक दृष्टिले पछि परेका वर्गलाई लक्षित गरी उनीहरूको आयआर्जन, रोजगारी, स्वास्थ्य, शिक्षा, जीविकोपार्जनमा यथासम्भव सहयोग गर्दै आएको छ भने अर्कोतिर शून्य फोहोर अवधारणालाई व्यवहारमा कार्यान्वयन गरी वातावरण संरक्षणमासमेत टेवा पुऱ्याएको छ ।

व्यक्ति र परिवारभन्दा माथि उठेर वसुधैव कुटुम्बकम्को परहितकारी मानवतावादी मर्मलाई आत्मसात् गर्दै 'सेवा हि परमो यतो धर्म ततो जयू' जस्ता सदियौंदेखि हाम्रो समाजमा विद्यमान नैतिक आध्यात्मिक र सामाजिक संहितालाई मूल मन्त्र मानेर मानव जीवन र जगतको सेवा र संरक्षण कार्यमा यस्ता केही सामाजिक संस्थाको भूमिका उदाहरणीय रहेको छ । यस्ता सामाजिक उद्यमले रोजगारी सिर्जना, गरिबी निवारण, महिला सशक्तीकरण, वातावरण संरक्षणलगायत राष्ट्रिय विकासका विविध क्षेत्रमा महत्त्वपूर्ण योगदान गर्न सक्ने कुरामा सन्देह छैन । यसका लागि सामाजिक उद्यमको स्थापना, सञ्चालन, विकास, विस्तार, नियमन तथा प्रोत्साहन सम्बन्धमा सरकारले ठोस नीति नै तय गरी अगाडि बढ्नुपर्ने देखिन्छ । *रासस*

## मननयोग्य

### विदुर नीति

राजा द्रुपद पनि विराटनगरमा गएर भाबी कार्यक्रम र युद्धको तयारीबारे छलफल गर्दथे । राजा द्रुपदले आफ्ना पुरोहितलाई कुरु नरेश धृतराष्ट्रकहाँ पाण्डवहरूको राज्य फर्काउनेबारे खबर गर्न पठाए। पुरोहितले भनेको युक्तियुक्त भनाइलाई भीष्म आदिले अनुमोदन गर्दा पनि दुर्योधनले अस्वीकार गरिदियो ।

पुरोहित विराटनगरमा फर्किएर गएपछि धृतराष्ट्रले सञ्जयलाई आफ्नो दूत बनाएर युद्धमा भीष्म आदि स्वजनहरूलाई मारेर राज्य भोग गर्नुभन्दा भीख मागेर खानु बेश हो' यही सन्देश युधिष्ठिरलाई सुनाइदिनू भनी पठाए । त्यसपछि विराटनगरबाट युधिष्ठिर र श्रीकृष्णको सन्देश लिएर आएका सञ्जयले आउँदाआउँदै सोझै धृतराष्ट्रकहा गएर भने। कि "पाण्डवहरू धर्मपूर्वक ने आफ्नो राज्य फिती चाहन्छन् । यदि उनीहरूलाई उचित भाग दिइएन भने संसारभरि नै अनर्थ हुनेछ। यात्राका कारण अहिले म (सञ्जय) थाकेको छु। विशेष कुराहरू भोलिको जमघट (सभा) मा नैं भन्नेछु' सञ्जयका यी भनाइले राजा धृतराष्ट्र ज्यादै नै विचलित हुन पुगे मनमनै विचार गर्न थाले कि भोलि सभामा सञ्जयले सबैको सामुन्नेमा के-के भन्ने हुन् ।

यस किसिमको विषम मानसिक उल्झनमा परी निद्रा नलागिरहेको अवस्थामा उनले विदुरलाई बोलाए। आफ्नो मनोव्यथा भन्दै विदुरको सम्मति र सुझाव मागे। संकटापन्न समयमा महात्मा विदुरले धृतराष्ट्रलाई महत्त्वपूर्ण ज्ञान र नीतिका कुराहरू भने यी कुराहरूलाई विदुरनीति भनिन्छ। धृतराष्ट्रले विदुरलाई 'महाप्राज', ' महाबुद्धे', 'धर्मार्थ कुशल' भनी गर्ने गरेको सम्बोधनले पनि विदुरको ज्यादै सम्मानित व्यक्तित्व थियो भन्ने स्पष्ट हुन्छ । क्रमशः

## पत्र-मञ्जुषा

### छिमेकीको हस्तक्षेप बुझ्न नसकेको सरकार

२०६९ सालमा मुलुकको प्रधानमन्त्री पदमा बाबुराम भट्टराई थिए । मुलुक हाँक्ने कुर्सीमा बसेका उनले त्यतिबेला एक कार्यक्रममा भनेका थिए, 'नेपाल चलाउने चाबी भारतको हातमा छ । भारतले जे चाहयो यहाँ त्यही हुन्छ ।' प्रधानमन्त्री हुँदाको तीतो अनुभव उनले सुनाए । नेपाली जनताले धेरै संघर्ष गरेर राजनीतिक परिवर्तन गरे । सो क्रममा धेरै सहिद भए । अहिलेको व्यवस्था ल्याउनका लागि जनताले निकै दुःख कष्ट गरेका थिए । राजनीतिक परिवर्तन भयो तर भारतको हस्तक्षेप गर्ने बानीमा परिवर्तन आएन ।

नेपालको जुनसुकै मामिला होस्, भारतले आफ्नो नाक घुसाइहाल्छ । प्रश्न उठेको छ, 'भारतलाई नेपाल चलाउने रिमोट दिने को हुन् त ?' हाम्रो देशका नेताहरूले राष्ट्रभन्दा पनि सत्तालाई बढी महत्त्वमा राखे । सत्तामा जानका लागि भारतको सहयोग चाहिन्छ । भारतले जे भन्यो त्यही गर्छन्, यहाँका नेता । नेपालका राजनीतिक दललाई आफ्नो इशारामा नचाएर भारतले फाइदा उठाउँदै आएको छ । नेपालको अधिकांश जमिनमा भारतले कब्जा जमाइसकेको छ ।

कालापानी, लिपुलेकलगायत धेरै जग्गामा भारतले अतिक्रमण गरिरहँदा नेपाल सरकार रमिते बनेर टुलुटुलु हेरिरहेको छ । यता, चीनले पनि नेपालको साँध मिचेर नेपाली भूमिमा कब्जा जमाउँदै आएको छ । पुर्खाहरूले भनेअनुसार नेपाल यति सानो थिएन । सत्तामा जानका लागि जमिन नै जिम्मा लगाउने काम भयो । राणाकालमा धेरै जमिन भारत र चीनले खाइदिएको बताइन्छ । मुलुकमा बहुदलीय व्यवस्था आए पनि अवस्था उही नै छ । अर्काको जमिनमा आँखा लगाउने क्रममा रोक लाग्न सकेको छैन ।

हस्तक्षेप गर्ने त गरिहाल्यो, त्यतिले मात्र नपुगेपछि भारत र चीनले नेपाल सिध्याउने रणनीति बनायो । खेतीयोग्य जमिनमा घर र बाटो बनाउन सिकाउने यी दुई मुलुक हुन् । बाटो निर्माण गर्न लाग्ने सबै सामान उनीहरूले बेचे । त्यो बाटोमा चल्ने सवारीसाधन बेच्ने पनि तिनै हुन् । नेपालमा पेट्रोल, डिजेलको खानी छैन । इन्धनको खानी नै नभएको मुलुकमा यत्रो सवारीसाधन छन् । केही कारणबस नाकाबन्दी भयो भने यी गाडी कहाँ लगेर थन्क्याउने ?

खेतीयोग्य जमिनमा घर बनाउँदा खाद्यान्न सबै आयात गर्नुपर्ने भयो । नेपाल कुनै पनि चीजमा आत्मनिर्भर छैन । खेतीयोग्य जमिन घरैघरले ढाँकिएको छ । अन्य मुलुकले खाद्यान्न पठाएन भने नेपाली भोकभोकै मर्छन् । यहाँ हाहाकार हुन्छ । घर बनाउन चाहिने सामान भारत र चीनले बेच्यो । एउटा सामान्य तारदेखि रङसम्म आयात हुन्छ । सामान आयात गर्दै घर बनाउने कामले प्राथमिकता पायो । जसको असर क्रमशः देखिँदै छ । खेतीयोग्य जमिनमा घर ठड्याएर बोराको चामल किनेर खान सिकाइयो ।

नेपाल सरकारले चुइँक्क बोल्यो भने पनि यी दुई मुलुकले नाकाबन्दी गरिदिन्छन् । नेपालीहरू भोकभोकै मर्नुपर्ने दिन आउँछ । खाद्यान्नमा सरकार जहिले पनि आत्मनिर्भर हुनुपर्छ । जुन मुलुक खाद्यान्नमा आत्मनिर्भर हुँदैन, त्यहाँ विदेशी हस्तक्षेप बढिरहन्छ । नेपालमा पनि त्यही नै भएको हो । पहिलेपहिले दाउरामा खाना पकाइन्थ्यो । गोबरग्यासबाट पनि खाना पकाउने गरिन्थ्यो । तर, अहिले त सबैतिर ग्यासको प्रयोग हुन्छ । दाउरा बालेर कसले खाना पकाउँछ ?

ग्यासको मूल्य बढेको बढ्यै छ । अब दाउरामा पकाउँछु भन्दा पनि सम्भव छैन । सबै रंगीविरंगी घर बनाइएको छ, कालो लाग्ला भन्ने डर । चीन र भारतले सम्झौता गरेर नेपाल डुबाउन खोजे । नेपाललाई उनीहरूको व्यापार गर्ने थलो बनाइयो । विडम्बना, नेपाल सरकारले बुझ्न सकेन । बितिसकेको समय फर्केर आउँदैन । सरकारले बेलैमा सोचविचार गरेको भए आज यस्तो जटिल परिस्थितिमा नेपाल फस्दैनथ्यो । भारत र चीनले नेपाल सरकारलाई अनुदान दिएको भनी ठूलठूला दाबी गर्दै आएको छ ।

एक सय रूपैयाँमा उत्पादन भएको सामानमा पाँच सय नाफा खाएर नेपाललाई बेच्ने काम हुँदै आएको छ । त्यही नाफाबाट आएको १० रूपैयाँ नेपाल सरकारलाई अनुदान दिन्छन् । नेपाल सरकार त्यति अनुदान पाएपछि मख्ख परिहाल्छ । नेपालीहरू विदेश गएर रगत पसिना नभनीकन पैसा कमाइरहेका छन् । त्यही पैसाले नेपाल सरकारले आफ्नो खर्च धानेको छ । परिवारको एक सदस्य विदेश गएर कमाउने अनि घरपरिवार यहाँ बसेर मोजमस्ती क्रम बढेको छ । उताबाट कमाएर ल्याएको रकम पनि सही ठाउँमा सदुपयोग भएको भए त हुने हो । विडम्बना, उनीहरू पनि घर बनाउने र महँगामहँगा सामान किन्नतिर लाग्छन् । जसले गर्दा हाम्रो पैसा फेरि पनि उनीहरूले नै लगिरहेका छन् ।

- ***समर्पण खड्का***, *नयाँ बानेश्वर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# नेपाल-भारत सम्बन्धको नयाँ सेतु निर्माणमा जोड

**कञ्चनपुर (प्रस)-** भारतको उत्तराखण्ड र नेपालको सुदूरपश्चिम प्रदेशबीच एकीकृत अर्थ-सामाजिक विकास योजनाको सम्भावना खोज्ने उद्देश्यका साथ अन्तर्राष्ट्रिय मानसखण्ड सम्मेलन आयोजना गरिएको छ ।

सुदूरपश्चिम प्रदेशमा शनिबारदेखि सुरु भएको उक्त सम्मेलनका सहभागी प्राज्ञ तथा जानकारले दुई देशबीच धार्मिक, सांस्कृतिक, भौगोलिक, आर्थिकलगायतका विविध आयामबाट जोड्न सक्नेगरी मानसखण्डको ऐतिहासिक अन्वेषणको आवश्यकता औंल्याए । सम्मेलनको उद्घाटन गर्नुहुँदै सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहलेयस क्षेत्रको एकीकृत अर्थ-सामाजिक विकासका लागि मानसखण्ड करिडोरको अवधारणाले मार्गदर्शन गर्ने बताए । जलस्रोत उपयोग, धार्मिक पर्यटन प्रवर्द्धनलगायत क्षेत्रमा दुई देशबीच समन्वयको आवश्यकता उनले औंल्याए ।

'मानसखण्ड क्षेत्रको हाम्रो सभ्यता, संस्कृति, रहनसहन समान छ, र यो अहिले पनि कायम छ,' उनले भने, 'यसैमा आधारित भएर हामीले आर्थिक सम्बन्धलाई पनि बलियो बनाउन आवश्यक छ ।' नेपाल र भारतले संयुक्त लगानीमा सुदूरपश्चिम प्रदेशका नदीबाट विद्युत् उत्पादन गरी एसियाली बजारमा पुऱ्याउन सकिन्छ ।

यस क्षेत्रको विकासका लागि सामाजिक, सांस्कृतिक र आर्थिकरूपमा एकतावद्ध भएर जानुपर्ने मुख्यमन्त्री शाहको धारणा थियो । प्राकृतिक स्रोतको उपयोगका लागि पनि संयुक्त पहल गरिनुपर्नेमा उनले जोड दिए । सुदूरपश्चिमको जलस्रोत उपयोग र कनेक्टिभिटी पूर्वाधार निर्माणका लागि समन्वय र सहकार्य आवश्यक रहेको मुख्यमन्त्री शाहको भनाइ छ ।

सुदूरपश्चिम प्रदेशका पूर्वमुख्यमन्त्री राजेन्द्रसिंह रावलले सुदूरपश्चिम र उत्तराखण्ड क्षेत्रलाई भूराजनीतिकरूपमा फरक बनाए पनि सामाजिक, साम्प्रदायिक र सांस्कृतिकरूपमा सदियौंदेखि एकताबद्ध रहेको बताए । सुदूरपश्चिमका विभिन्न ऐतिहासिक प्रसंग उल्लेख गर्दै रावलले तिनै धार्मिक, सांस्कृतिक समानताले दुई देशका नागरिकबीच अहिले पनि निकै कसिलो सम्बन्ध कायम गरिराखेको बताए ।

सम्मेलनमा अन्तर्राष्ट्रिय सहयोग परिषद्का अध्यक्ष श्याम पाण्डेले सामाजिक, सांस्कृतिक र आर्थिकरूपमा कसरी जोडिएका छन् भन्ने विश्लेषण गरेर मानसखण्ड करिडोरका लागि पहल गरिनुपर्ने बताए । सामाजिकरूपमा सधैं मिलेर बसेको उल्लेख गर्दै उनले धार्मिक पर्यटन, रोजगार, कृषिजस्ता जनजीविकासँग जोडिएका क्षेत्रलाई समेटेर मानसखण्ड करिडोर कनेक्टिभिटी तयार पारिनुपर्ने बताए ।

अहिलेको भारतको उत्तराखण्ड र नेपालको सुदूरपश्चिम प्रदेश जोड्ने मानसखण्ड क्षेत्रलाई पौराणिक रूपमा उल्लेख गरिएको आचार्य घनश्याम लेखकको भनाइ छ । स्कन्द पुराणले कुमाउँको नन्द पर्वतदेखि कर्णालीको काकगिरि (कागमारालेक) सम्मको भूभागलाई मानसखण्डका रूपमा परिभाषित गरेको लेखकले बताए ।

सुदूरपश्चिम विश्वविद्यालयले आयोजना गरेको सम्मेलनमा अन्तर्राष्ट्रिय सहयोग परिषद्, कुमाउँ विश्वविद्यालय, नेपाल-भारत सहयोग मञ्च, महाकाली साहित्य मञ्चलगायत प्राज्ञिक संस्थाको समन्वय रहेको छ । नेपाल-भारत सभ्यता र सांस्कृतिक सम्पर्क निर्माणको अपरिहार्यता मुख्य विषयवस्तु रहेको मानसखण्ड सम्मेलनमा यस क्षेत्रका पौराणिक तथा पुरातात्त्विक करिडोर, धार्मिक पर्यटनसँगै तीर्थयात्रीको अधिकार तथा सुरक्षा, मन्दिर अर्थतन्त्रलगायत विषयमा नेपाल र भारतका प्राज्ञले कार्यपत्र प्रस्तुत गरेका थिए । सम्मेलन तीन दिनसम्म चल्नेछ ।

# दार्चुलाका विद्यालयमा समयमै पाठ्यपुस्तक

**खलंगा-** दार्चुलामा यस वर्ष शैक्षिक सत्र सुरुआतसँगै नौवटै स्थानीय तहमा पाठ्यपुस्तक उपलब्ध भएका छन् । विगत वर्षमा शैक्षिक सत्र सकिनै लागेका बेला विद्यार्थीले पुस्तक पाउने अवस्था थियो । यस वर्ष भने उनीहरूले समयमै किताब पाउने भएका छन् ।

धेरैजसो स्थानीय तहमा पाठ्यपुस्तक पुगिसकेको शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख जयराज पन्तले जानकारी दिए । जिल्लाका दुर्गम गाउँका विद्यालयमा पनि विद्यार्थी भर्ना भएसँगै पुस्तक वितरण गरिने उनले बताए । समयमा नै पुस्तक पुगेपछि यहाँका विद्यार्थी, शिक्षक तथा अभिभावकमा खुसी छाएको छ ।

'यस वर्ष समयमै पाठ्यपुस्तक पुग्दा खुसी छौं, यसरी नै हरेक वर्ष पाठ्यपुस्तक समयमै पुगे पठनपाठनमा सजिलो हुन्थ्यो,' अपिहिमाल गाउँपालिकास्थित खण्डेश्वरी माध्यमिक विद्यालयका प्रधानाध्यापक खडक बोहराले भने । मार्मा गाउँपालिका र अपिहिमाल गाउँपालिकामा वैशाख २ गते नै पाठ्यपुस्तक पठाइएको एकाइ प्रमुख पन्तले बताए ।

त्यस्तै दुँहु र ब्याँस गाउँपालिकाका लागि पनि पाठ्यपुस्तक जिल्ला सदरमुकाम खलंगास्थित न्यु चौलानी पुस्तक पसल र ज्ञानजोती पुस्तक पसलबाट ढुवानी भइसकेको न्यु चौलानी पुस्तक पसलका सञ्चालक मनोहर डाँगाले जानकारी दिए ।

शैल्यशिखर नगरपालिकामा पनि पाठ्यपुस्तक विद्यालयमा पठाउन थालिएको छ । नगरपालिकाभित्रका सम्पूर्ण विद्यालयमा आइतबारदेखि पाठ्यपुस्तक पठाउन सुरु गरिएको शैल्यशिखर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्रबहादुर विष्टले बताए । गत वर्ष विद्यार्थीले पुस्तकविना परीक्षा दिएका थिए ।

यस वर्ष सरकारले भर्नासँगै विद्यालयमा पाठ्यपुस्तक पुऱ्याउने व्यवस्था गरेकामा खुसी लागेको शैल्यशिखर नगरपालिका-६ का अभिभावक मदन धामीले बताए ।

नौ स्थानीय तह रहेको दार्चुलामा अपि हिमाल, दुँहु र ब्यास गाउँपालिका बाहेकका स्थानीय तहमा यातायातको सहज सुविधा रहेकोले पाठ्यपुस्तक ढुवानीमा समस्या छैन । यातायातको समस्या रहेका तीन गाउँपालिकामा पनि पाठ्यपुस्तक पुगिसकेको एकाइ प्रमुख पन्तले बताए ।

विगत वर्षमा वार्षिक परीक्षा सकिँदासमेत पुस्तक नपाएका जिल्लाका विद्यार्थी यस वर्ष समयमै पुस्तक पाउने भएपछि खुसी भएका छन् । यही वैशाख ३ देखि ८ गतेसम्म विद्यार्थी भर्ना अभियान सञ्चालन भइरहेको शन्तले जानकारी दिए । *रासस*

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७६/०४/१६ मा दर्ता भएको प्रा.लि. नं. २२००८५ को **वारफ्लाई लन्ज प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOJEB S. AL-YAMI CONTRACTING EST
पूर्व स्वीकृति मिति २०७९/११/२३ पून विज्ञापन स्वीकृति मिति:२०८०/०१/०३ LT. No. 282305 चलानी नं. ६०१९७७९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 30 | 0 | 1200 | ४१,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TAWAKD CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति २०७९/१२/०२ पून विज्ञापन स्वीकृति मिति:२०८०/०१/०३ LT. No. 282856 चलानी नं. ६०१९८२६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Labour | 3 | 0 | 1000 | ३४,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Loading Unloading Labour | 26 | 0 | 1000 | ३४,९१० | | | | | | | |

कम्पनी : SANA AL AWAEL CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति २०७९/११/०२ पून विज्ञापन स्वीकृति मिति:२०८०/०१/०३ LT. No. 281086 चलानी नं. ६०१९६५८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Drill Labour | 1 | 0 | 1000 | ३४,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख ११ गते (24th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७
Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : JACKSPEED LEATHER SPECIAL MAN. (M) SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०५/०६ पून विज्ञापन स्वीकृति मिति:२०८०/०१/०३ LT. No.270072 चलानी नं. ६०१८५९२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख ११ गते (24th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

